हाम्रो प्रजाशक्ति

# छुजाचेन विद्युत परियोजनाले जून महिनादेखि व्यवसायिक विद्युत उत्पादन शुरू गर्ने

निजी संवाददाता

गान्तोक, ९ मार्च: एनएचपीसी र रंगीत जल विद्युत परियोजनापछि अब छुजाचेन विद्युत परियोजनाले पनि व्यवसायिक बिजुली उत्पादन यस वर्षको जून महिनादेकि शुरु गर्ने भएको छ। उल्लेखित दुई विद्युत परियोजना सरह छुजाचेन विद्युत परियोजनाले पनि राज्यको राजस्वमा वार्षिक ३० करोड रुपियाँ दिनेछ। राज्य सरकारसितको सम्झौता अनुसार व्यवसायिक उत्पादनपछि कम्पनीले १४ प्रतिशत बिजुली राज्यलाई सित्थैमा उपलब्ध गराउने प्रावधान रहेको छ। गति इन्फ्रास्ट्रक्चर कम्पनी अधिकृत छुजाचेन विद्युत परियोजनाले ९९ मेगावाट बिजुली उत्पादन गर्न सक्ने क्षमता रहेको छ। रम्फू र रंगली दुई खोलाको पानीलाई प्रयोग गरेर गत २००६ देखि शुरु गरिएको विद्युत परियोजनाले आउँदो जून महिनादेखि व्यवसायिक रूपमा उत्पादन गर्नेछ। पूर्वोत्तर राज्यमा निजी कम्पनीको



रूपमा विद्युत परियोजना सञ्चालन गर्दै आएको गति इन्फ्रास्ट्रक्चर कम्पनी राज्यलाई १४ प्रतिशत बिजुली उपलब्ध गराउने पहिलो निजी कम्पनी हो। राज्य सरकारसित कम्पनीले ३५ वर्षको निम्ति आधिकारिक सम्झौता गरेको छ। यसै अन्तर्गत आगामी सेप्टेम्बर महिनादेखि राज्य सरकारले ३० करोड् रुपियाँ प्राप्त गर्ने बताइएको छ। छुजाचेन विद्युत परियोजनाको व्यवसायिक उत्पादनको तयारीमा रहेका कम्पनीका प्रबन्धन पक्षले हिजो मीडियाकर्मीको एक टोलीलाई छुजाचेन रंगली, रम्फू खोला बाँध सांइड आदिको विस्तृत जानकारी दिए। पछि एक पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै विद्युत परियोजना प्रमुख आरके श्रीवास्तवले पूर्वोत्तर राज्यमै पहिलोपल्ट निजी कम्पनीले राज्य सरकारलाई राजस्व प्रदान गरिरहेको बताए। तिनले राज्यमा अगावै

रहल पाता २-मा

## छुजाचेन विद्युत परियोजना ...

व्यवसायिक उत्पादन शुरु गर्ने रंगीत विद्युत परियोजना र एनएचपीसी भन्दा अधिक सुविधा र अवसरहरू उपलब्ध गराइएको जानकारी दिए। कम्पनीले आफ्नो निजी व्यवसायलाई मात्र ध्यान नदिएर सम्झौता अनुसार सबै सुविधा साथै राज्यको हितमा काम गरेको छ भनी बताए। विद्युत परियोजनाको ९० प्रतिशत काम समाप्त भइसकेको र अहिले अन्तिम चरणको काम युद्धस्तरमा चलिरहेको जानकारी दिँदै श्रीवास्तवले भने विद्युत परियोजनाको लागत खर्च ८.६७ करोड् पुग्नेछ। केही दिन अघि सत्तारूढ़ एसडीएफ पार्टीको मजदूर मोर्चाद्वारा पेश गरिएको आठ बुँदे प्रस्तावलाई पनि कार्यान्वयन गरेको बताए। यस प्रसंगमा अझ भने, हाल कम्पनीका इञ्जीनियर, स्टोर, प्रशासनिक, सिभिल इञ्जीनियर, मेकानिकल, मानव संसाधन विभाग आदि लगाएर कुल २३५ जना कर्मचारीहरू छन् तीमध्ये १३५ जना सिक्किमकै कर्मचारी रहेका तिनले बताए। कम्पनीमा कार्यरत सबै कर्मचारीहरूलाई मजदूर युनियनको निर्देश अनुसार सबै सुविधा उपलब्ध गराउदै विद्युत परियोजना प्रमुख श्रीवास्तवले पत्रकार सम्मेलनमा बताए। कम्पनीमा कार्यरत कर्मचारीहरूलाई स्वास्थ्यको निम्ति वार्षिक ६ हजार, वार्षिक भत्ता, बोनस लगायत अन्य कम्पनीहरूको तुलनामा अधिक वेतन उपलब्ध गरेको बताए। १२३ ऐकर जमीनमा सञ्चालित छुजाचेन विद्युत परियोजनाको आठ किलोमीटर दुरीमा रंगली बाँध निर्माण गरिएको छ।